# छुवाछुतको घटना दबाउन सरकार नै सक्रिय

बझाङ जिल्ला रिलु गा.वि.स. वडा नं. ८, रिसिण्डी गाउँको कालिका मन्दिरमा मिति २०७३।५।२० गते बिहान घटेको यो घटना हृदयविदारक छ । घटना घटेको ठाउँमा उक्त समयमा मेला लाग्ने गरेको रहेछ । मेलाका लागि आवश्यक रकम दलित समुदायबाट पनि संकलन गर्ने गरिँदो रहेछ । उक्त स्थानिय मेलामा करीब पन्ध्र सयदेखि दुई हजार जनाको संख्यामा मेला भर्न मानिसहरु आउने गर्दा रहेछन् ।

उक्त मेला व्यवस्थापनको लागि मेला व्यवस्थापन समिति गठन गर्ने गरिएको रहेछ । सो मेलामा मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, जताभावी बोल्नेलाई कारवाही स्वरुप दण्ड जरिवाना गर्ने नियम पनि गाँउलेहरुले बनाएका रहेछन् । मेलामा कालिका देवीको पूजा गर्न दलितबाहेकका महिला पुरुष आउने, पूजा गर्ने, प्रसाद (विभिन्न प्रकारको मिष्ठान्न भोजन जस्तैः खीर, पुरी, तरकारी) ग्रहण गर्ने, नाँचगान गर्ने चलन रहेको पाइयो । मेलामा कतिपय पुरुषहरु मादक पदार्थ सेवन गर्ने, तास खेल्ने, देउडा खेल्ने, नाँचगान गर्ने रहेछन् । मादक पदार्थ सेवन गर्नेमा दलित र गैर दलित समुदायका पुरुषहरु उत्तिकै रहेछन् ।

मन्दिरमा लागेको मेलामा अन्य गाँउबाट आउने ब्यक्तिहरु पनि रक्सी खाने गरेको र मेलामा रक्सी खानु सामान्य भएको स्थानियको भनाई थियो । मेलाको १९ गते राति स्थानिय पुरुष, महिलाहरु देउडा खेल्दै गरेको र पछि कोहि घर गएछन् भने कोहि माडुं (मन्दिर) को चौरमा सुतेछन्, कोही माडुंभित्रै सुतेछन् । काठको फलेकले बेरेको मन्दिरको चौरमा पीडित लालसिंह आग्री मेलाको राती १९ गते रक्सी खाएर सुतेका र पछि बिहान करिब चार बजेतिर पीडित जाडो भएपछि न्यानो खोज्दै सुत्न मन्दिरको छेउमा गएका रहेछन् । बिहानीपख एक्कासी मन्दिरभित्र सुतेका गैर दलितहरुले लालसिंह ढोकानिर सुतेको थाहा पाएपछि उनीहरुलाई असह्य भएछ । त्यसपछि सबैले 'लौं, यो डुम माडुं भित्र आएछ, हाम्रै छेउमा सुतेको रहेछ, यसले त ठूलो अनिष्ट हुने भो, मन्दिरलाई नै अपवित्र बनाउने काम गर्‍यो यो डुमले, अब यसलाई ठिक पार्नुपर्छ' भनेर मन्दिर भित्र रहेका ब्यक्तिहरुले हात खुट्टाले मारपिट गर्दै, दाउराको फर्मेटोले लालसिंह आग्रीको कन्चटमा समेत हिर्काएका रहेछन । त्यसपछि तत्कालै स्थानीय गाउँलेहरु (गैरदलित) भेला भई 'यसलाई मार्नु पर्छ, होइन भने ता-तातो गुँहुं (दिशा) खुवाउनु पर्छ र यसकी छोरी, भतिजी, बहिनी ल्याएर सारा गाँउलेका अगाडि तिनीहरुमाथि यसलाई अभद्र व्यवहार (यौनजन्य कृयाकलाप) गर्न लगाएर, अनि मात्रै यसलाई छोड्नुपर्छ' भनेर लालसिंह आग्रीमाथि अमानवीय व्यवहार गर्न सुरु गरेछन् । तर ती गैर दलितमध्ये एक जना गाँउकै अर्जुन बुढाले 'होइन, यति साह्रो त गर्नु हुँदैन, कुटपीट पनि नगरौं, मर्‍यो भने फसाद हुन्छ, बरु गल्ति नै गरेको हो भने दण्ड जरिवाना गराऔं । कुटपीट गर्ने र गुँहुं खुवाउने कुरा चै नर्गनुस' भनेर हकारेछन् र पीडित लालसिंह आग्रीलाई त्यो अमानवीय कार्य गर्नबाट रोकेछन् । त्यसपछि गाँउलेले तुरुन्तै सुन र नगद जरिवाना गराउनु पर्छ भनी निर्णय गरेछन् । यति भैसकेपछि लालसिंह घर गएछन् । यसरी गैरदलित गाउँलेहरु सबैले निजकै दोष देखाई दण्ड जरिवाना गराउने निर्णय गरेकोले निज लालसिंह आग्रीलाई पनि 'मैले ठूलै गल्ति गरिछु' जस्तो लागेछ र मर्न भनी गोठमा गई आत्महत्या गर्न लागेका रहेछन् । केही बेरसम्म निज घरबाट नगद रकम र सुन लिई नआएपछि गाउँलेहरु खोज्न जाँदा निजलाई गोठमा आत्महत्या गर्न लाग्दा श्रीमतीले थाहा पाएर सम्झाउदै गरेको अवस्थामा आएका दुईचार जना गाँउलेहरुले समाती जरिवाना गराएका रहेछन् ।

जरिवानामा लालसिंह आग्री आफैले दुई हजार नगद र श्रीमतीको नाकमा लगाएको मुन्द्री काटेर एक आना सुन तिरेका रहेछन् । त्यतिबेलासम्म सबै गाउँलेलाई थाहा भई सो स्थानमा दलित गैर दलित सबै भेला भई सकेका रहेछन् । तर जरिवाना गराउने बेलामा भने लालसिंह आग्रीलाई, भएको वास्तविक कुरा भन्न नलगाई 'रक्सी खाएर हो हल्ला गरेकोले दण्ड जरिवाना स्वरुप यो जरिवाना तिरेको हुँ' भनी भन्न लगाई जरिवाना तिराएका रहेछन् । मन्दिर भित्र छिरेकै निहुँमा रुपैयाँ र सुन तिराएको पीडितका दाजुभाइ तथा स्थानिय दलित ब्यक्तिहरुलाई थाहा नै रहेनछ । उनिहरुलाई त रक्सी खाएर होहल्ला तथा महिलाहरु माझ अपशब्द बोलेको आरोपमा दण्ड गराएको भनेका रहेछन् । र, पीडित लालसिंह आग्री माथि कुटपिट गर्दै, गुँहुं खुवाउने र 'डुम' शब्द प्रयोग गरी गाली गलौच गरेको कुरा पनि थाहा रहेनछ । घटनास्थलमा हाम्रो अनुगमन टोलीले सोधपुछ गरेपछि मात्र घटनाबारे सत्य तथ्य कुरा बाहिर आएको कुरा बुझियो । सुरुमा गैरदलितहरुले यो घटनालाई निकै सामान्य रुपमा लिदै बरु दण्ड जरिवाना गराएको कुराको गर्व गर्दै जवाफ दिएका थिए । घटनाबारे केही स्रोतको हवाला दिदै हामीले पीडितमाथि गरिएको दुरब्यवहारबारे बताउँदा गाउँले नाजवाफ भएका थिए । घटनाका प्रत्यक्षदर्शी लगायत केही ब्यक्तिहरुले घटनाबारे मुख्य कुरा सुनाएपछि गैरदलित गाउँले एकाएक छलफलस्थलबाट बाहिरिएका थिए । बझाङको यो घटनाको सम्बन्धमा राष्ट्रिय पत्रिका अन्नपूर्ण पोष्ट, अनलाइन पत्रिका रातोपाटी र दलित अनलाईनमा समाचार प्रकाशन भएपछि तत्कालै नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड स्वयंबाट सत्य तथ्य पत्ता लगाई दोषीलाई कारवाही गर्न मातहतको निकायमा निर्देशन

जारी भएको थियो । यसपछि गैर सरकारी संस्थाको तर्फबाट पनि सत्य तथ्य पत्ता लगाउन समता फाउन्डेशनबाट एक टोली मिति २०७३।५।२५ गते त्यस घटनास्थलतर्फ राजधानीबाट प्रस्थान गरेको थियो । सो टोली घटनास्थल पुगी पीडित, पीडकहरुको समूह, प्रत्यक्षदर्शी, सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरुलाई भेटी पुनः काठमाडौं फर्केको हो । यसरी छुवाछूत घटनाको सम्बन्धगैर दलित र सरकारी निकायमा कार्यरत जिम्मेदार व्यक्तिहरुको मनोवृत्ति के देखिन्छ भने जातीय भेदभाव वा छुवाछूतको घटनालाई सकभर बाहिर नलैजाऔं । जतिसुकै क्रुर अनैतिक व्यवहार भए पनि यस्ता घटना ढाकछोप नै गरौं । न्याय दिलाउनु वा पीडितले कानूनी उपचारको बाटो अबलम्वन गर्न खोज्नु भनेको सामाजिक वैमनस्यता बढाउनु, वा सामाजिक सद्भाव खल्बल्याउनु खोज्नु हो भन्ने प्रवृत्ति हाबी हुँदै गएको छ । पीडितले न्यायको अपेक्षा गर्दा गर्दै पनि उसलाई हतोत्साही बनाउने प्रयत्न भईरहेछ । कुनै न कुनै रुपमा भोलि जो सुकै व्यक्ति पीडित हुन सक्ने संभावना रहेको समुदायको व्यक्तिहरुले पनि साथ नदिएपछि पीडित खुम्चिएर बस्न परेको अवस्था छ ।

सबै भन्दा दर्दनाक कुरा त दिसा खुवाउने र आफ्नो छोरी चेली ल्याएर समाजको अगाडि पीडित स्वयंले अनैतिक/अभद्र व्यवहार (यौनजन्य क्रियाकलाप) गर्नु पर्ने भन्ने कुराले जातीय सवालमा मानवीय संवेदनाको खोजी कहाँ कसरी गर्ने भन्ने जटिल प्रश्न उब्जाई दिएको छ । अनि जिम्मेदार निकायको व्यक्तिहरुले यस्ता घटनाको गहिराईमा प्रवेश नै नगरी, वास्तविक पीडितलाई भेट्दै नभेटी, अन्य तेस्रो पक्ष अर्थात् पीडकहरुकै मात्र कुरा सुनी पीडितलाई नै दोष देखाई घटनाप्रति वेवास्ता गर्नुले न्याय याचिकाहरुमा राज्यप्रति कसरी भरोसा गर्ने भन्ने स्थिति सृजना भएको छ । भोलि यस्तै घटना दोहरिरहने हो भने पीडितहरुमा हिंसात्मक भावना नआउला भन्न सकिन्न । त्यतिखेर को जिम्मेवार हुने विचारणीय प्रश्न छ । यसैले हामी यो घटना सार्वजनिक गर्न बाध्य भएका हौं र सरकार र सम्बन्धित निकायहरुको निम्न बमोजिमको बिषयमा ध्यानाकर्षण गराउन चाहन्छौं ।

१. घटनासंग प्रत्यक्ष सरोकार राख्ने सरकारी निकायहरुलाई सजग गराउने वा मुद्दा चलाउन निमित्त अनुरोध गर्ने ।

२. पीडितलाई पर्न गएको मानसिक यातनाको क्षतिपूर्ति भराउने ।

३. पीडकहरु सबैलाई अनुसन्धानको दायरामा ल्याई कानूनी कारवाही गराउने ।

४. अति अमानवीय प्रकृतिको व्यवहार दिशा खुवाउन खोज्ने, आफ्नै चेलीबेटीमाथि अनैतिक, अभद्र व्यवहार गर्न लगाउन खोज्ने व्यक्तिहरुलाई कडा सजाय दिलाउन छुट्टै कानून निर्माण गर्न सरकारलाई सुझाव गर्ने ।

५. पीडकहरुलाई ज्यान मार्ने उद्योग र जातीय छुवाछूत कसूर र सजाय ऐन अन्तर्गत मुद्दा चलाउने ।

६. छुवाछूत ऐनको व्यापक प्रचार प्रसार गरी छुवाछूत गरे कडा सजाय हुन्छ भन्ने कुराको व्यापक प्रचार प्रसार गर्न सरकारलाई अनुरोध गर्ने ।

**अनुगमन टोलीका सदस्यहरु**

| ……………… | ……………… | ……………… |
|---|---|---|
| **मोहन साशंकर** | **के. पी. अनमोल** | **उमेश सापकोटा** |
| **अधिवक्ता** | **जागरण मिडिया सेन्टर** | **समता फाउन्डेशन** |